## Novel Coronavirus (COVID-19) को संक्रमण नियन्त्रण गर्न मेचीनगर नगरपालिकाबाट सञ्चालन भए गरिएका क्रियाकलापहरुको सार्वजनिक जानकारी

१. सन् २०१९ को डिसेम्बर अन्त्यदेखि चीनको वुहान शहरबाट प्रारम्भ,

२. मिति २०७६।१०।१४ गतेको दिन झापा जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री उदयबहादुर रानाज्यूको अध्यक्षतामा नेपाल रेडक्रस सोसाइटी, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, स्वास्थ्य कार्यालय भद्रपुर, मेची अञ्चल अस्पताल र यस नगरपालिकाको समेत सहभागितामा सीमापारिबाट कोरोनाभाइरसको संक्रमण नियन्त्रण गर्न अन्तर्राष्ट्रिय स्वास्थ्य नियमन कार्यक्रमको लागि साविक सञ्चालनमा रहेको Health Desk मा Coronavirus Screening कार्य शुरु गर्न सहमति भएअनुसार सोही दिन श्रीमान् प्रमुख र श्रीमान् उपप्रमुखको नेतृत्वमा कोरोनाभाइरस परामर्श कक्षको स्थापना गरी मिति २०७६।१०।१५ गतेदेखि स्वास्थ्य शाखा प्रमुख श्री शसिकला राईको मुख्य जिम्मेवारीमा दैनिक ५ जना कर्मचारी सहायता कक्षमा खटाई विदेशी नागरिकहरुको मात्र Coronavirus Screening कार्यको लगत राख्न थालिएकोमा मिति २०७६।११।१५ गतेसम्ममा २१५ जना यात्रुको Coronavirus Screening भएको छ ।

३. मिति २०७६।११।२० गतेको दिन स्वास्थ्य सेवा विभाग, चिकित्सा सेवा महाशाखाबाट डा. नरेन्द्रकुमार खनालसमेतको टोलीबाट उक्त २ अनुसार व्यवस्थापन गरिएको सहायता कक्ष अनुगमन हुँदा ताका नगर श्रीमान् प्रमुखज्यूको अध्यक्षतामा बसेको स्थानीय सर्वपक्षीय बैठकमा अनुगमन टोलीबाट Coronavirus Screening कार्य देशका अन्य भागमा भन्दा राम्रो तवरले भइरहेको भन्ने अवलोकन परामर्श प्राप्त भएको छ ।

४. मिति २०७६।११।२२ गतेका दिन १ नं. प्रदेश सरकार, आन्तरिक मामिला तथा कानुन मन्त्री मा. हिक्मत कार्कीज्यूको अध्यक्षतामा सामाजिक विकास मन्त्री मा. जीवन घिमिरे समेत उपस्थित १ नं. प्रदेशका सरोकारवाला निकायका प्रमुख ( झापा जिल्लाका श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू समेत ) र यस कार्यालयबाट प्रमुख प्रशासकीय अधिकृत र स्वास्थ्य शाखा प्रमुखको उपस्थितिमा प्रदेशस्तरीय Coronavirus नियन्त्रण गरी राष्ट्रिय विपद् व्यवस्थापनमा आआफ्नो निकायबाट तदारुकताका साथ कार्य गर्न र जिल्लामा प्रमुख जिल्ला अधिकारीसँग समन्वय गरी कार्य गर्ने र तत्काल प्रदेश सरकारले विपद् व्यवस्थापन सम्बन्धी कार्ययोजना तयार सबै सरोकारवाला निकायलाई पठाउने सहमति भएको छ ।

५. मिति २०७६।११।२३ गतेका दिन मेचीनगर नगर सभाको पाँचौ बैठकबाट Coronavirus को प्रकोपबाट सर्वसाधारण सुरक्षित हुन आवश्यक बजेट व्यवस्था गर्न तथा सबैले आआफ्नो तर्फबाट Coronavirus नियन्त्रणसम्बन्धी कार्यक्रम सञ्चालन सबै वडाबाट सञ्चालन गर्न निर्णय गरिएको छ ।

६. सन् २०२० को मार्च ११ तारिख, तदानुसार मिति २०७६।११।२८ का दिन विश्व स्वास्थ्य संगठनले Coronavirus को संक्रमणबाट नेपाललाई पनि खतरा सूचीमा समावेश गरी सचेत रहन आग्रह गरेपछि यस मेचीनगर नगर कार्यपालिकाको मिति २०७६।११।३० गतेका दिन निम्न निर्णय भई Coronavirus को नियन्त्रणको काम थप प्रभावकारी तवरले व्यवस्थापन गर्न स्थानीय प्रहरी, प्रशासन, मेची उद्योग वाणिज्य संघलगायतका सँस्थाहरु, सञ्चारकर्मी समेतको सक्रियतामा सञ्चालन भइरहेको छ ।

**नगर कार्यपालिकाको निर्णय (मिति २०७६।१२।०१ को जनसंसद दैनिकमा सार्वजनिक सूचना प्रकाशन भएको )**

**निर्णय नं. १.** विश्वव्यापी रुपमा फैलिरहेको कोरोना भाइरस संक्रमण रोकथाम र नियन्त्रण गर्न यस नगरपालिका अन्तर्गत तत्काल देहायअनुसारको व्यवस्थापन मिलाउने निर्णय गरियो ।

(क) नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, ऐन, नियम तथा फैसला कार्यान्वयन शाखा, रामशाहपथ, काठमाडौंको च. नं. ३०२, मिति २०७६।११।२८ को प्राप्त पत्रानुसार मेचीनगर नगरपालिकाको सबै वडाहरुमा वडा स्तरीय कोरोना भाइरस रोकथाम तथ नियन्त्रण समन्वय

मेचीनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय झापा जिल्ला १ नं. प्रदेश, नेपाल वि.सं २०७३

महेन्द्रकुमार खाम्याहाङ्ग
प्रमुख प्रशासकीय अधिकृत

समिति निर्माण एवं नगर स्तरीय समन्वय समिति निर्माण गरी सम्भव भएसम्म घरदैलो प्रचार प्रसार तथा सचेतनामूलक कार्यहरु सञ्चालन गर्ने ।

ख) कोरोनाभाइरस संक्रमण रोकथाम र नियन्त्रण गर्न गराउन सचेतनामूलक सूचना सम्प्रेषण भैरहेकोमा सोलाई थप प्रभावकारी बनाउने ।

ग) पूर्वी नाकामा सवारी साधन आवागमनका लागि नेपालतर्फ चल्ने सवारी साधनलाई नेपाल तर्फ मात्र र भारत तर्फ चल्ने सवारी साधनलाई भारततर्फ मात्र आवत जावतको व्यवस्था मिलाउने । सोको लागि यातायत व्यवसायी, सुरक्षा निकाय, प्रहरी प्रशासन, मेची भन्सार कार्यालय, इन्टर मोडल यातायात कार्यालय लगायतका सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य गर्ने ।

घ) कोरोना भाइरस संक्रमण रोकथाम र नियन्त्रण गर्न गराउन अनावश्यक भीडभाड, नियन्त्रण, नाकामा दैनिक आवत जावत व्यवस्थापन गर्न माईती नेपाल, मेची भन्सार, प्रहरी प्रशासन, अन्य सरोकारवाला निकायहरुसँग समन्वय सहकार्य गर्ने ।

ङ) नोवेल कोरोना भाइरसको लक्षण र नियन्त्रणसम्बन्धी सचेतनामूलक कार्यक्रम संचालन गर्न नगरभित्रका क्रियाशिल सबै सरकारी कार्यालय, विद्यालय, सरकारी एवं गैर सरकारी संघ संस्था तथा सञ्चारकर्मीहरुसँग आवश्यक सहयोगको लागि अनुरोध एवं अपिल गर्ने ।

च) कोरोनाभाइरस संक्रमण कार्यमा नियन्त्रण गर्न हाल काँकरभिट्टा स्थित कोरोना भाइरस परामर्श सहायता कक्ष, हेल्थ डेस्कमा नगरपालिका अन्तर्गतका स्वास्थ्य सँस्थाका स्थायी कर्मचारीहरुलाई खटाइरहेकोमा सँस्थाको नियमित सेवा हात्तिपाइले विरुद्धको अभियान, दादुरा, रुवेला र रोटा भाइरस विरुद्धको खोप कार्यक्र आदि सेवा प्रवाहमा बाधा परेको हुँदा कम्तीमा ६ जनासम्म अ. न. मि. वा अ. हे. व. वा स्टाफ नर्स, वा हे. अ. किसिमका स्वास्थ्यकर्मीलाई दैनिक ज्यालादारीमा कामकाज लगाई सम्भव भएसम्मको एन् ९५ मास्क, ग्लोव, इन्फ्रारेड थर्मोमिटर, स्यानिटाइजर, सादा मास्क र गाउन लगायतका मेडिकल सामग्री उपलब्ध गराउने ।

छ) कोरोना भाइरसको संक्रमण नियन्त्रणमा मद्धत पुग्ने गरी सर्वसाधारणले बुझ्ने भाषामा पर्चा, पम्प्लेट र व्यानरहरु तयार गरी सार्वजनिक स्थलहरुमा टाँस गर्ने तथा वितरण गर्ने ।

ज) उल्लिखित कार्यका लागि नेपालका स्थानीय बजारमा कुनै सामग्री उपलब्ध नभएमा विपद्को कारण जनताको जीऊ धन नै क्षति हुने कार्य रोक्न भारतीय सिमाको सिलुगुडी बजारबाट उल्लिखित सामग्री खरिद गरी भुक्तानी व्यवस्था मिलाउने ।

७. हाल सबै वडामा तोकिएका पदाधिकारीहरु सदस्य रहने गरी Coronavirus को लागि सम्बन्धित वडाध्यक्षज्यूको अध्यक्षतामा वडा समन्वय समिति र नगरपालिकाको प्रमुख संयोजक र उपप्रमुख सहसंयोजक रहेको नगर समन्वय समिति गठन भई व्यापकरुपमा Coronavirus को नियन्त्रणसम्बन्धी जनचेतनामूलक कार्यक्रम वडावडामा र नगरभरि सञ्चालन भइरहेको छ ।

८. हालसम्म सबै वडा कार्यालयमा, सबै स्वास्थ्य सँस्थामा सावुन पानीले हात धुने व्यवस्था गरिएको, २२५ भन्दा बढी Coronavirus को संक्रमणबाट आम जनसमुदायलाई बच्न तथा बचाउन नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी जनचेतनामूलक सामग्री उल्लिखित व्यानर सबै वडा कार्यालय, स्वास्थ्य सँस्थाहरु, विद्यालय, मठमन्दिर, चर्च, मस्ज़िदहरुमा व्यवस्थापन गरी ३० हजार भन्दा बढी पर्चासहित वडावडामा जनचेतनामूलक प्रचार प्रसारको काम भइरहेको छ ।

९. मिति २०७६।११।१६ देखि २०७६।११।३० सम्म ११७१ जनाको Coronavirus Screening को कार्य गरिएको छ ।

मेचीनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भद्रपुर, झापा जिल्ला
१ नं. प्रदेश, नेपाल
वि.सं. २०७३

महेन्द्रकुमार खाम्याहाङ्ग
प्रमुख प्रशासकीय अधिकृत

१०. मिति २०७६।१२।०१ देखि Coronavirus Screening को दर एक्कासी बढी मिति २०७६।१२।०१ गते ६३७६, मिति २०७६।१२।०२ गते ९९५५, मिति २०७६।१२।०३ गते १२६९८, मिति २०७६।१२।०४ गते ११९३४ तथा मिति ८४८७ समेत काँकरभिट्टा स्थित Heal Desk Coronavirus Screening परामर्श सहायता कक्षबाट हालसम्ममा जम्मा ५०,०३६ जनाको Coronavirus Screening को कार्य सम्पन्न भइसकेको छ, सौभाग्यवस आजसम्म कुनै पनि व्यक्तिमा कोरोनाभाइरसको संक्रमणको लक्षणहरु फेला परेका छैनन् ।

११. उक्त कार्यमा इलाका प्रहरी कार्यालय, काँकरभिट्टाका प्र. ना. उ. श्री राजेन्द्र पोखेलको कमाण्डको नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, भन्सार गस्ती गुल्म काँकरभिट्टाका स. प्र. ना. उ. श्री ज्ञानमणि पौडेलको कमाण्डको सशस्त्र प्रहरी, मेची भन्सार कार्यालय प्रमुख श्री ध्रुवराज विश्वकर्मा, मेची उद्योग वाणिज्य संघको अध्यक्ष श्री ऋषि तिम्सिनाज्यूको नेतृत्वमा रहेको विभिन्न संघ संस्थाको प्रतिनिधिहरु रहेको स्वयम् सेवक टोलीको सक्रिय सहयोगमा नगरकार्यपालिकाको कार्यालय, स्वास्थ्य शाखा प्रमुख श्री शसिकला राईको नेतृत्वमा रहेको दैनिक ८ जनाको स्वास्थ्यकर्मीको टोलीबाट Coronavirus Screening को काम प्रभावकारीरुपमा भइरहेको छ ।

१२. मिति २०७६।१२।०२ गतेका दिन झापा जिल्लाका प्रमुख जिल्ला अधिकारीज्यूसहितको सुरक्षा बल र यस नगरपालिकाको सरोकारवालाको संयुक्त बैठक, मिति २०७६।१२।०३ गतेका दिन विहान नेपाली सेना, नयाँ श्री श्रीनाथ गण चाराली व्यारेकका गणपतिज्यूसँगको नगर प्रमुख र उपप्रमुखको बैठकबाट प्राप्त राय, सुझाव र सहमति समेतका आधारमा नेपाली सेनाबाट हालको लाइन व्यवस्था र काउन्सिलिङ्ग रुम निर्माणमा सहयोग प्राप्त भएकोबाट Coronavirus Screening को कार्य सहज भइरहेको छ ।

१३. मिति २०७६।१२।०५ गतेको दिन विहान झापा जिल्लाका अगुवा पत्रकारहरु श्री सन्तोष आचार्य, श्री मुक्ति पौडेल, श्री पर्वत पोर्तेल र श्री ज्ञानेन्द्र निरौला समेतबाट प्रमुख तथा उपप्रमुखसमक्ष सम्भाव्य यस राष्ट्रिय विपत्तिको समयमा नगरपालिकाबाट सही, तथ्यपरक तथ्यांक र सूचना सञ्चारकर्मीहरुलाई समयमै उपलब्ध गराउन सकिएमा उपयुक्त हुने र सँस्थाले विपद् व्यवस्थापनका विज्ञहरु आमन्त्रण गरी विपद् योजना बनाई जोखिम न्यूनीकरण गर्ने कार्यमा समयमै पहल गर्न तथा सबै पक्षसँग समन्वय हुन प्राप्त पृष्ठपोषणलाई नगरपालिकाले आत्मसाथ गरेको छ, प्राप्त सुझावलाई कार्यान्वयन गरिनेछ ।

१४. प्रमुख र उपप्रमुखले बारम्बार प्रदेश सरकारका जिम्मेवार पदाधिकारीहरु र नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा Coronavirus को संक्रमण नियन्त्रण गर्ने आवश्यक उपाय र रणनीति तथा योजनाको बारेमा गम्भीर छलफल र सञ्चार गरिरहेको अवस्था छ ।

१५. मिति २०७६।१२।०५ गतेका दिन नगर कार्यपालिकाको बैठकबाट आम नगरबासीहरुलाई अनावश्यक हिडडुल नगर्न, भीडभाड नबढाउन, भीड बढ्ने खालको धार्मिक, साँस्कृतिक तथा अन्य कार्य नगर्न, नगराउन, पुल हाउस, जिमखाना तथा क्यासिनो र सिनेमा हल बन्द नगर्न नेपाल सरकारले गरेको अनुरोधलाई स्थानीय स्तरमा अनुरोधका रुपमा सम्प्रेषण गर्ने र कार्यालयमा समेत भीडभाड कम गर्न अत्यावश्यक सेवाबाहेकको सेवा (योजना संझौता आदि कार्य) १ हप्तासम्म नगर्न सार्वजनिक सूचना जारी गर्ने र नगरपालिकाको सम्भाव्य धाइजन स्वास्थ्य चौकीको सञ्चालनमा नरहेको नयाँ भवन, माइती नेपालको पुनर्स्थापना गृह वा त्यस्तै अनुकूल हुने ठाउँमा मिति २०७६।१२।०३ गते झापा जिल्लाका प्रमुख जिल्ला अधिकारीज्यूको अध्यक्षतामा बसेको जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयानुसार Isolation कक्ष वा Quarrantine कक्ष स्थापना गर्न पहल गर्ने निर्णय भएअनुसार प्रयत्न भइरहेको छ ।

१६. प्रमुखज्यू तथा उपप्रमुखज्यूको प्रत्यक्ष निगारानीमा Coronavirus Screening स्थलमा अवलोकन, अनुगमन र सहजीकरण भइरहेको । यस्तै प्रकारले हरेक दिन प्रमुखज्यूको अध्यक्षतामा प्रहरी, भन्सार, सरोकारवालाको उपस्थितिमा समीक्षा तथा कार्ययोजना बैठक भई क्रियाशील रहेको अवस्था छ ।

मेचीनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
काँकरभिट्टा, झापा जिल्ला
१ नं. प्रदेश, नेपाल
वि.सं. २०७३

महेन्द्रकुमार खाम्याहाङ्
प्रमुख प्रशासकीय अधिकृत

१७. उल्लिखित कार्य नगरपालिकामा विद्यमान साधन श्रोतको प्राप्यताअनुसार पारस्परिक समन्वय र सहयोगमा भइरहेको छ । पत्रकार, नागरिक समाज तथा विद्वत् वर्गसँग नगरपालिका सधै स्वस्थ सुझाव र सहयोगको अपेक्षा गर्दछ ।

१८. यस कार्यलाई अरु प्रभावकारी व्यवस्थापन गर्न नगर कार्यपालिकाको वन, वातावरण तथा विपद् व्यवस्थापन समिति र सामाजिक विकास समितिका संयोजक र सदस्य सचिवलाई व्यवस्थापकीय पक्षमा सहयोगको लागि तोकिएको छ । र हाल स्वास्थ्य शाखा प्रमुख श्री शसिकला राईको नेतृत्वमा ८ जना स्वास्थ्यकर्मीहरु अलगअलग सिफ्टमा कार्यरत रहेका छन् ।

१९. यस वीचमा नेपाल सरकार र प्रदेश सरकारका सम्बन्धित निकायहरुबाट हाम्रो कार्यसम्पादनको अनुगमन भएको छ । प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयबाट २ थान इन्फ्रारेड थर्मोमिटर, ५ थान P. P. G. र केही मास्क सहयोग प्राप्त भएको छ, उल्लिखित क्रियाकलाप सञ्चालन गर्न आवश्यक स्वास्थ्य सामग्री बजारमा खरिद गर्न नपाइएको अवस्था छ, सार्वजनिक खरिद ऐन र नियमावलीअनुसारको खरिद व्यवस्था गर्न चुनौती सिर्जना भएको छ ।

२०. यदि शंकास्पद व्यक्ति फेला परेमा नेपाल सरकारले तोकेको अस्पतालसम्म लैजान धुलाबारी प्राथमिक स्वास्थ्य केन्द्रको एम्बुलेन्स स्ट्याण्डबाई राखिएको छ ।

२१. Novel Coronavirus को संक्रमण तथा प्रकोपबाट आम नगरवासी र मानव मात्रलाई बचाउन मेचीनगर नगरपालिकाले प्रकोप व्यवस्थापन कोषमा रु. ५० लाख बजेट व्यवस्थापन गरी तत्काललाई Novel Coronavirus को नियन्त्रणको विभिन्न कार्यक्रम सञ्चालन गर्ने संकल्प गरेको छ, सबैबाट सहयोगको अपेक्षा गरिन्छ ।

नगर प्रमुख श्री विमल आचार्य

उपप्रमुख श्री मीना पोखेल उप्रेती

मिति २०७६।१२।०६ गते

मेचीनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
झापा जिल्ला
१ नं. प्रदेश, नेपाल
वि.सं २०७३

महेन्द्रकुमार खाम्याहाङ्ग
प्रमुख प्रशासकीय अधिकृत